मिति २०७४ माघ १७ गतेका निर्णययहरु

निर्णाय न. १

कम्तीमा ६ महिनाको अन्तरमा नगर सभा बैठक संचालन गर्नुपर्ने व्यवस्भएअनुरुप यस लमही नगरपालिकाको दोस्रो नगर सभाको बैठक यही २०७४ साल फाल्गनु २० गतेदेखि आयोजना गर्ने निर्णय गरियो ।

निर्णय न. २

नगर कार्यपालिका र यसका पदाधिकारी एवं सदस्यहरुको गरिमा बढाउन कम्तीमा पनि नगर कार्यपालिका र नगर सभा बैठक संचालन हुँदा पदाधिकारी एवं सदस्यहरु आधिकारिक पोशाकमा उपस्थित हुने निर्णय गरियो ।

निर्णय न. ३

गत वर्षायाममा वाढीवाट घरवार विहिन भएका यस लमही नगरपालिकाका विभिन्न ठाउँमा वसोवास गर्ने २३ घरपरिवारलाई घर निर्माण गर्न दाङ जिल्ला दैवि प्रकोप उद्धार समितिबाट प्राप्त रकम रु. २५,०००। मा लमही नगरपालिकाको तर्फवाट रु १,७५,०००। थप गरी प्रति परिवारलाई जम्मा रु. २,००,०००। नगरपालिकाले तोकेको मापदण्ड बमोजिम घर निर्माण गर्ने गरी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय न. ४

लमही नगरपालिका अन्तर्गत लमही अस्पतालमा ६० वर्ष पुगेका ज्येष्ठ नागरिक र ५ वर्ष मुनिका वालवालिकाहरुलाई निशुल्क स्वास्थ्य सेवा प्रदान गर्न "निशुल्क स्वास्थ्य सेवा संचालन कार्यविधि २०७४" स्विकृत गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

निर्णय न. ५

लमही नगरपालिका अन्तर्गत रहेको स्वास्थ्य चौकी सतवरियामा तत्कालीन गा.वि.स. कार्यालय सतरियावाट तलव सुविधा पाउने गरी २४ घण्टे प्रसुती सेवामा उक्त स्वास्थ्य चौकीमा कार्यरत अ.न.मी. श्री शारदा खनाललाई निजले साविकमा खाइइ पाई आएको मसिक तलव रु २२,१७०।, वर्षको १ पटक १ महिनाको तलव वरावरको रकम चाडवाड खर्च र वर्षको १ पटक नियानुसार पोशाक खर्च उपलव्ध गराउने । त्यसैगरी अ.हे.व. श्री प्रेम बहादुर चौधरी(खोप कार्यकर्ता) लाई गत आ.व. मा निजहरुले पाएको सेवा सुविधा मासिक तलव रु १६,०००।, वर्षको १ पटक १ महिनाको तलव वरावरको रकम चाडवाड खर्च र बर्षको १ पटक नियमानुसार पोशाक खर्च उपलवध गराउने । र निजहरुलाइ सतवरिया स्वास्थ्य चौकी मै कामकाज गर्ने गरी २०७४ श्रावण देखि लागु हुने गरी म्याद थप गर्दै पुन: करार सम्झौत गर्नका लागी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

२०७४ १० १८

प्रमुख प्रशासकिय अधिकृत